# हलेसी तुवाचुङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.स.०७५।७६ — दुर्छिम, खोटाङ
च.नं. ४६८ — १ प्रदेश, नेपाल

मिति : २०७५/०६/२१

## करारमा शिक्षक नियुक्तिको लागि रोस्टरको आह्वान

हलेसी तुवाचुङ नगरपालिकाको सामुदायिक विद्यालयमा रिक्त करार वा राहत दरबन्दीमा शिक्षक नियुक्तीलाई वैज्ञानिक तथा प्रभावकारी बनाउनको लागि तपशिल बमोजिम गर्न अनुरोध छ।

तपशिलः

१। आधारभुत तहको लागि सम्बन्धित विषयमा B.Ed., सम्बन्धित तहमा स्थायी सेवा ५ वर्ष पुगेको।

२। माध्यामिक तह(९-१०)को लागि सम्बन्धित विषयमा M.Ed. सम्बन्धित तहमा स्थायी सेवा ३ वर्ष पुगेको।

३। माध्यामिक तह(११-१२)को लागि सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण गरी मा.वि.तहको द्वितीय श्रेणीका वा सो सरह शिक्षक, विषयगत शिक्षक ।

४। ईच्छुक शिक्षकहरुले सम्बन्धित विषय र तहको शिक्षक सेवा आयोग २०५७ को पाठ्यक्रममा आधारित ५/५ सेट Hardcopy र Softcopy लाहा छाप गरी नगरपालिकामा २०७५/०७/३० सम्म पेश गर्ने।

५। परिक्षाहलमा परिक्षार्थी प्रवेश गरिसकेपछि मात्र Question Bank को Code Number को गोला प्रथा मार्फत छनौट हुनेछ।

६। गोला प्रथाबाट छनौट गरिएको प्रश्न पत्र सेट प्रिन्ट गरी नगरपालिकाले प्रशन पत्र सामाजिक विकास समितिका संयोजक वा निजले तोकेको कर्मचारीले परिक्षाहलमा प्रशन पत्र पुऱ्याउनेछ।

७। लिखित परिक्षा सञ्चालन पश्चात उत्तर पुस्तिका परिक्षणको लागि रोस्टरहरू गोला प्रथाबाट छनौट गरिने।

८। छनौट भएका रोस्टरहरुलाई फोन मार्फत खबर गरी उत्तर पुस्तिका परिक्षण गराईनेछ।

९। सार्वजनिक विदाको दिनमा मात्र परिक्षा सञ्चालन गरिनेछ।

१०। आवश्यकता अनुसार सामाजिक विकास समितिले परिक्षालाई मर्यादित विश्वसनीय र वैध बनाउनको लागि परिक्षा सञ्चालनका नयाँ विधि र तरिका अपनाउन सक्नेछ।

राज कुमार राई
प्रमुख प्रशासकीय अधीकृत

किशोर बस्नेत
सामाजिक विकास समिति संयोजक